# ३५ वर्ष माथि ५९ वर्ष सम्मका अविवाहित महिलाहरुलाई आर्थिक सहयोग कार्यविधि

२०७९

सुनकोशी गाउँपालिका

रामटार, सिन्धुली

प्रस्तावनाः सुनकोशी गाउँपालिका भित्र रहेका(३५ वर्ष माथि ५९ वर्ष सम्मका अविवाहित महिलाहरु)लाई आर्थिक सहयोथ उपलब्ध गराई साजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभुत गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को त मा भएको व्यवस्था बमोजिम यस्ता व्यक्तिलाई सुविधा उपलब्ध गराउन सुनकोशी गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७७ को दफा ४ दिएको अधिकार प्रयोग गरि सुनकोशी गाउँकार्यपालिकाले यो कार्यविधि वनाई जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१)संक्षिप्त नाम र प्रारम्भः-क) यो कार्यविधिको नामः **सुनकोशी गाउँपालिकाको ३५ वर्ष माथि ५९ वर्ष सम्मका अविवाहित महिलालाई आर्थिक सहयोग कार्यविधि २०७९** रहने छ ।

२)यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद-२

## परिभाषा र व्याख्या

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) **ऐन** भन्नाले प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७७ सम्झनु पर्दछ ।

ख) **अध्यक्ष** भन्नाले सुनकोशी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) **स्थानीय तह** भन्नाले सुनकोशी गाउँपालिका सम्झनु पर्दछ ।

घ) **वडा कार्यालय** भन्नाले सुनकोशी गाउँपालिका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद-३

## उद्देश्य

**३) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :**

क) सामाजिक समानता र सामाजिक न्याय कायम राखी सुरक्षित तथा मर्यादित जिवन निर्वाह गर्न प्रत्याभुत गरिएका मौलिकहरुको कार्यन्वयन गर्न सुनकोशी गाउँपलिका भित्र बसोवास गर्ने ३५ वर्ष माथि

५९ वर्ष सम्मका अविवाहित महिलाको लागत संकलन गरी स्थानीय सरकारको प्रत्याभुत दिलाई विशेष सुविधा उपलब्ध गराउने ।

## परिच्छेद-४

## सुविधा प्राप्त गर्न पुरा गर्नु पर्ने प्रक्रिया

**४.१.सुविधा प्राप्त गर्न पुरा गर्नु पर्ने प्रकृया :** ३५ वर्ष माथि ५९ वर्ष सम्मका अविवाहित महिलाहरुले आर्थिक सहयोग प्राप्त गर्न  चाहेमा सम्वन्धित वडा कार्यालय मार्फत निवेदन साथ कागजातहरु सुनकोशी गा.पा महिला तथा बालवालिका शाखामा पेश गर्नुपर्नेछ ।

क) वडा कार्यलयको अविवाहित भनि प्रमाणीत गरेको सिफारिस पत्र ,

ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ,

ग) पासपोर्ट साइजको २ प्रति फोटो,

घ) वडा कार्यालयले दिएको विपन्नताको सिफारिस पत्र

२. सुविधा प्राप्त गर्न इच्छुक ब्यक्तिहरुलाई गाउँपालिकाले ७ दिनको  म्याद दिई  निवेदन पेश गर्न सुचना प्रकाशन गरी ७ वटै वडामा प्रचार -प्रचार गर्नु पर्नेछ ।

## परिच्छेद-५

## सिफारिस समिति को ब्यवस्था

**५.१.सिफारिस समितिको ब्यवस्था :** यस कार्यविधिको परिच्छेद न. ४ बमोजिम पेश हुन आएका कागजातहरुको अध्ययन गरि  ३५ वर्ष माथि देखि ५९ वर्षका अविवाहित महिलालाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिमका पदाधिकारीहरु रहेको सिफारिस समिति गठन गरिनेछ ।

क) गा.पा  अध्यक्ष ……………..अध्यक्ष

ख) गा.पा उपाध्यक्ष …………….सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत  ……………..सदस्य

घ) सामाजिक विकास समितिको संयोजक ……..सदस्य

ङ) लेखा प्रमुख …………….सदस्य

च) सामाजिक विकास शाखा ………….सदस्य

छ) महिला तथा बालवालिका शाखा ……………स-सचिब

२)सिफारिस समितिले बैठक सम्वन्धि कार्यविधि आफै व्यवस्थित गर्न सक्ने छ ।

## परिच्छेद-६

## आर्थिक सहयोग को सिमा र प्रक्रिया

**६. सिमा र प्रक्रिया** :

१) ३५ वर्ष माथि ५९ वर्ष सम्मका अविवाहित महिलाहरुलाई आर्थिक सहयोग प्राप्त गर्न परिच्छेद नं. ४ बमोजिम कागजातहरु सहित परिच्छेद-५ अनुसार गठित समितिको सिफारिसमा सुनकोशी गा.पा ले मासिक रु. ५००।-(पाँच सय मात्र ।) का दरले आर्थिक सहयोग उपलब्ध गराउने छ ।

२) यसरी आर्थिक सहायता उपलब्ध गराउदा सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत उपलब्ध गराउनेछ ।

३. यस्ता व्यक्तिलाई प्रदान गरिएको सेवा सुविधा निरन्तरता गाउँपालिकाले चाहेमा प्रत्येक वर्ष सूचना प्रकाशित भए पश्चात श्रावण महिना भित्र नविकरण गराई सक्नु पर्नेछ ।

## परिच्छेद-७

## विविध

७. बचाउः यो कार्यविधि बन्नु भन्दा अगाडि यसरी उपलब्ध गराइएका आर्थिक सुविधा यसै कार्यविधि बमोजिम उपलब्ध गराईएको मानिने छ ।

८. संशोधन एंव परिवर्तन : आवश्यकता र औचित्यताको आधारमा यस कार्यविधिमा भएको व्यवस्थलाई शशोधन एवं परिवर्तन गर्न सकिनेछ ।

९ अमान्य र वदर हुने : यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरु प्रदेश र संघिय कानुन सँग बाझिएमा बाझिएको हदसम्म अमान्य र वदर हुनेछ ।

१०.खारेजी : गाउँकार्यपालिकाले यस कार्यविधिलाई जुनसुकै बखत खारेजी गर्न सक्ने छ ।

अनुसुची-१ निवेदनको ढाँचा

## अनुसूची –१

३५ वर्ष भन्दा माथि ५९ वर्ष सम्मका अविवाहित एकल महिलाले आर्थिक सहायता प्राप्तका लागि पेश गर्ने निवेदनको ढाँचा

| फोटो |
| --- |

श्री वडा अध्यक्ष ज्यू मिति :

.............नं वडा कार्यालय

सिन्धुली ।

विषय : .....वर्षको अविवाहित एकल महिला भएकोले आर्थिक सहायता पाउँ ।

महोदय

सुनकोशी गाउँपालिकाबाट मिति...................................मा प्रकाशित सूचना बमोजिम अविवाहित एकल महिला सम्वन्धि आर्थिक सहायता प्राप्तका लागि तपसिल अनुसारका कागजातहरु राखि यो निवेदन पेश गरेको छु ।

निवेदक

नाम थर:

वडा :

१.नागरिकताको प्रतिलिपि १ थान

२.अविवाहित प्रमाणित सिफारिस १ थान

३.पासपोर्ट साइजको फोटो २ प्रति